निर्णयहरुः

१. प्रदेश सरकार मन्त्रिपरिषद् बैठकका निर्णयहरु र यस अघिका सचिव बैठकका निर्णयहरुको समीक्षा गरी कार्यान्वयनमा शीघ्रता दिने ।

२. कानून बमोजिम तोकिएको समयसीमा भित्र बजेट व्यवस्थापन, खर्च भुक्तानी र प्रतिवेदन दिन सबै मन्त्रालयले मातहत कार्यालयलाई निर्देशन दिने।

३. वित्तीय एवं बजेटरी अनुशासनको पालनामा प्रतिवद्ध रहन सबै मन्त्रालय/निकाय र मातहतका कार्यालयलाई निर्देशन दिने। सो को लागि आर्थिक मामिला मन्त्रालयले आवश्यक निर्देशन एवं नियन्त्रण गर्ने व्यवस्था मिलाउने ।

४. यातायात व्यवस्था कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला अस्पतालजस्ता सेवाग्राहीको चाप हुने कार्यालयहरुको नियमित अनुगमन सम्बन्धित विषयगत मन्त्रालयहरुले गरी सेवा प्रवाह प्रभावकारी तुल्याउने।

५. आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणको सन्दर्भमा सबै मन्त्रालय/निकायले आ-आफ्नो मन्त्रालय/निकायमा आवश्यकता अनुसार समिति गठन गरी विवरणहरु तयार पार्ने। वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय सबै मन्त्रालयले क्षेत्रगत रुपमा तयार पारी वैशाख २० गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने।

६. पूर्व मनसुन र मनसुनजन्य विपत्तिबाट पर्न सक्ने प्रभावलाई न्यूनीकरण गरी खोज, उद्दार तथा राहत सम्बन्धी कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले मनसुनजन्य विपद् पुर्वतयारी सम्बन्धी कार्यलाई प्राथमिकताका साथ अघि बढाउने।

७. प्रदेश विपद् व्यवस्थापन कोषमा भएको मौज्दात र खर्चको अवस्था बारे आन्तरिक मामिला तथा कानून मन्त्रालयले मासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने ।

८. कैलालीको त्रिनगर नाका र कन्चनपुरको गड्डाचौकी नाकाबाट आवतजावत गर्ने नेपाली नागरिकको विवरण संकलन र एकीकृत गरी प्रदेशको नीति निर्माण तहमा उपयोग गर्ने प्रयोजनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले उपयुक्त ढाँचा तयार पारी पेश गर्ने ।

९. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.शि.स्वा.४१२/४८८६, मिति २०७९/१२/१५ को होल्डिङ्ग सेन्टर व्यवस्थापन विषयक पत्रका सन्दर्भमा नेपाल सरकारबाट कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका, धनगढीमा निर्मित होल्डिङ्ग सेन्टरको आवश्यकता, उपयोगिता र सञ्चालन तथा व्यवस्थापनको समग्र विषयमा सरोकारवाला मन्त्रालय र निकायको समन्वय र सहकार्यमा अध्ययन/विश्लेषण गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रस्ताव तयार पारी पेश गर्ने ।

१०. महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको ६० औं म.ले.प. प्रतिवेदन अनुसार प्रदेशमा वेरुजुको मात्रा बढ्दै गएको देखिएकोले आगामी दिनमा बेरुजु हुनै नदिने गरी आर्थिक कृयाकलापहरु सञ्चालन गर्ने र विगतका वेरुजुलाई समेत समयमै फर्छ्यौट गर्ने।सो विषय मन्त्रालय/निकायले मातहतका कार्यालयमा समेत परिपत्र गर्ने ।प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मिति २०७९/१०/२९ गते वेरुजु सम्बन्धमा माग भएको विवरण सबै मन्त्रालय/निकायले यथासीघ्र सो कार्यालयलाई उपलब्ध गराउने ।

११. सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समसामयिक संशोधन गर्न ३ दिनभित्र प्रदेश नीति तथा योजना आयोगको सचिवले सबै मन्त्रालयका सचिवज्यूसँग सुझाव लिई आर्थिक मामिला मन्त्रालयको सचिवसँगको परामर्शमा मस्यौदा तयार गरी आयोग समक्ष पेश गर्ने ।

१२. प्रदेश सरकार गठनको सय दिनको अवसरमा प्रदेश सरकारको मुख्य उपलब्धि सार्वजनिक गर्ने कार्यका लागि मन्त्रालय/निकायहरुले आ-आफ्नो विषयगत/क्षेत्रगत प्रगति वा उपलब्धीको सूची तयार गरी बैशाख १५ गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।